# उत्पादन तथा रोजगारी सिर्जनाका लागि सहुलियतपूर्ण ऋण लगानी कार्यविधि, २०७९

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

बागमती प्रदेश सरकार

**आन्तरिक मामिला तथा कानून मन्त्रालय**

हेटौंडा, नेपाल

# उत्पादन तथा रोजगारी सिर्जनाका लागि सहुलियतपूर्ण ऋण लगानी कार्यविधि, २०७९

**<u>प्रदेश राजपत्रमा प्रकाशित मिति</u>**
२०७९।०५।२३

**<u>प्रस्तावना</u>**ः कृषि, उद्योग, व्यापार व्यवसायसँग सम्बन्धित कार्यक्रम मार्फत उत्पादन तथा रोजगारी सिर्जना गर्न सहुलियतपूर्ण ब्याजदरमा ऋण उपलब्ध गराउने उद्देश्यका साथ ऋण लगानी कार्यक्रमलाई व्यवस्थित, सरल, सहज, प्रभावकारी र पारदर्शी रुपमा सञ्चालन गर्न वाञ्छनीय भएकोले,
प्रदेश विनियोजन ऐन, २०७९ को दफा ९ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायको कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**ः (१) यस कार्यविधिको नाम "उत्पादन तथा रोजगारी सिर्जनाका लागि सहुलियतपूर्ण ऋण लगानी कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा</u>**ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "आवेदक" भन्नाले यस कार्यविधिको दफा १७ बमोजिमको ऋण माग गर्ने आवेदकलाई जनाउँछ।

(ख) "आर्थिक रूपमा विपन्न, सीमान्तकृत समुदाय तथा लक्षित वर्ग" भन्नाले सम्बन्धित स्थानीय तह वा स्थानीय तह अन्तर्गतका वडाले सिफारिस गरेका व्यक्तिलाई सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(ग) "उद्यमी" भन्नाले आर्थिक रुपले सक्रिय २१ वर्षदेखि ६० वर्षसम्मका उमेर समूहका प्राकृतिक व्यक्ति वा त्यस्ता व्यक्तिबाट सञ्चालित फर्म, कम्पनी र संस्था सम्झनु पर्छ।

(घ) "ऋणी" भन्नाले यस कार्यविधि बमोजिम बैंक तथा वित्तीय संस्थाबाट सहुलियतपूर्ण ब्याजदरमा ऋण प्राप्त गर्ने ऋणीलाई सम्झनु पर्छ।

(ङ) "ऋण लगानी रकम" भन्नाले प्रदेश सरकारले ऋण लगानी प्रयोजनका लागि विनियोजन गरेको रकम सम्झनु पर्छ।

(च) "दलित समुदाय" भन्नाले स्थानीय तह वा स्थानीय तह अन्तर्गतका वडाले दलित समुदाय भनी सिफारिस गरेको समुदाय सम्झनु पर्छ।

(छ) "परियोजना जमानी" भन्नाले यस कार्यविधि बमोजिम ऋण प्रवाह गर्दा जुन परियोजनामा लगानी गरिएको हो सोही परियोजनाको जमानी सम्झनु पर्छ।

(ज) "प्रदेश" भन्नाले  बागमती प्रदेश सम्झनु पर्छ।

(झ) "बैंक"  भन्नाले  कृषि विकास बैंक लिमिटेड सम्झनु पर्छ।

(ञ) "ब्याजदर" भन्नाले यस कार्यविधि बमोजिम लगानी गर्दा बैंक तथा वित्तीय संस्थालाई सञ्चालन खर्च बापत ऋणीबाट लिन सक्ने गरी व्यवस्था गरिएको ब्याजदर सम्झनु  पर्छ।

(ट) "भण्डारण" भन्नाले प्रदेशमा कुनै पनि प्राथमिक कृषि उपज (तरकारी, फलफूल, जडीबुटी, दुग्ध पदार्थ तथा माछा मासु आदि) उत्पादन गरी भण्डारण गर्ने कार्य सम्झनु पर्छ र सो शव्दले प्रदेशमा प्राथमिक कृषि उपज खरिद गरी भण्डारण गर्ने कार्यलाई समेत जनाउँछ।

आन्तरिक

(ठ) "मन्त्रालय" भन्नाले आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनु पर्छ।

(ड) "महिला उद्यमशीलता ऋण" भन्नाले महिलालाई एकल वा सामूहिक रुपमा उद्यमशील बन्न प्रवाह हुने ऋण सम्झनु पर्छ।

(ढ) "वित्तीय संस्था" भन्नाले प्रचलित कानून बमोजिम नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न इजाजत प्राप्त साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड सम्झनु पर्छ।

(ण) "समिति" भन्नाले दफा ६ बमोजिमको कार्यान्वयन तथा अनुगमन समिति सम्झनु पर्छ।

(त) "सम्बन्धित मन्त्रालय" भन्नाले यस कार्यविधि बमोजिमको कार्यक्रमसँग सम्बन्धित प्रदेश सरकारको विषयगत मन्त्रालय सम्झनु पर्छ।

(थ) "सामूहिक जमानी" भन्नाले समूहको सामूहिक उत्तरदायित्वमा प्रवाह गरेको ऋण भुक्तानीको लागि समूहका सबै सदस्यले दिने संयुक्त जमानी सम्झनु पर्छ।

(द) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ र सो शब्दले उपमहानगरपालिका र महानगरपालिका समेतलाई जनाउँछ।

३. <u>**उद्देश्य**</u>: यस कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) कृषि, पशुपन्छी, मत्स्य क्षेत्रको उत्पादन, उत्पादकत्व वृद्धि गर्नुका साथै रोजगारी सिर्जना गर्ने,

(ख) वन तथा वातावरण र पर्यटन क्षेत्रको वृद्धि गरी रोजगारी प्रवर्द्धन गर्ने,

(ग) बेरोजगार युवाहरूलाई रोजगारमा आवद्ध गर्ने,

(घ) फोहरमैला व्यवस्थापन गर्ने,

(ङ) महिला तथा दलित समुदायको उद्यमशीलतालाई प्रवर्द्धन गर्ने,

(च) उत्पादनशील कार्यक्रमको लागि लगानी प्रवर्द्धन गर्ने,

४. **लगानी योग्य क्षेत्रः** प्रदेश सरकारले उपलव्ध गराउने सहुलियतपूर्ण ब्याजदरमा ऋण लगानीका लागि क्षेत्रहरू देहाय बमोजिम हुनेछन्ः-

(क) कृषि उत्पादन एवं व्यवसायका क्षेत्र अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ।

(ख) उद्योग व्यवसायका क्षेत्र अनुसूची- २ मा उल्लेख भए बमोजिम हुनेछ।

(ग) पर्यटन प्रवर्द्धनका क्षेत्र अनुसूची- ३ मा उल्लेख भए बमोजिम हुनेछ।

(घ) व्यापार व्यवसायका क्षेत्र अनुसूची- ४ मा उल्लेख भए बमोजिम हुनेछ।

(ङ) वन तथा वातावरणको क्षेत्र अनुसूची- ५ मा उल्लेख भए बमोजिम हुनेछ।

(च) महिला तथा दलित समुदाय विकासको क्षेत्र अनुसूची- ६ मा उल्लेख भए बमोजिम हुनेछ।

(छ) फोहरमैला व्यवस्थापनको क्षेत्र अनुसूची- ७ मा उल्लेख भए बमोजिम हुनेछ।

## परिच्छेद-२

## संस्थागत व्यवस्था

५. **कार्यक्रम निर्देशक समितिः** (१) सहुलियतपूर्ण ब्याजदरमा ऋण लगानी कार्यक्रम कार्यान्वयनको नीतिगत विषयमा आवश्यक निर्देशन दिन देहाय बमोजिमको कार्यक्रम निर्देशक समिति रहनेछः-

(क) मन्त्री, मन्त्रालय -संयोजक

(ख) मन्त्री, कार्यक्रमसँग सम्बन्धित मन्त्रालय -सदस्य

(ग) उपाध्यक्ष, प्रदेश नीति तथा योजना आयोग -सदस्य

(घ) प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(ङ) सचिव, मन्त्रालय -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको निर्देशक समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिमको निर्देशक समितिले नीतिगत विषयमा दफा ६ बमोजिमको समितिलाई आवश्यक निर्देशन, सुझाव तथा परामर्श दिन सक्नेछ।

६. **<u>कार्यान्वयन तथा अनुगमन समिति</u>**ः (१) ऋण लगानी प्रक्रिया सहजीकरण तथा समन्वय गर्नका लागि देहाय बमोजिमको कार्यान्वयन तथा अनुगमन समिति रहनेछः-

(क) सचिव, मन्त्रालय - संयोजक

(ख) सचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय - सदस्य

(ग) सचिव, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय - सदस्य

(घ) सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय - सदस्य

(ङ) सचिव, वन तथा वातावरण मन्त्रालय - सदस्य

(च) सचिव, सामाजिक विकास मन्त्रालय -सदस्य

(छ) प्रतिनिधि, नेपाल राष्ट्र बैंक -सदस्य

(ज) सम्बन्धित बैंक तथा वित्तीय संस्थाका प्रदेश

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

स्तरीय प्रमुखहरू -सदस्य

(झ) प्रदेश लेखा नियन्त्रक, प्रदेश लेखा नियन्त्रक कार्यालय -सदस्य

(ञ) वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा प्रमुख, मन्त्रालय -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिम समितिको बैठकमा आवश्यकता अनुसार तीन जनासम्म सम्बन्धित विषय विज्ञ आमन्त्रण गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिमको बैठक सञ्चालन सम्बन्धी कार्यविधि र ऋण प्रवाहको अनुगमन सम्बन्धी व्यवस्था समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(४) समितिको सचिवालय मन्त्रालयमा रहनेछ। सचिवालयले समितिले तोकेका काम गर्नेछ।

(५) मन्त्रालयको सम्बन्धित महाशाखा प्रमुखले सचिवालयको प्रमुख भई कार्य गर्नेछ र मन्त्रालयले तोकेका अधिकृत स्तरका अन्य दुईजना कर्मचारी समेत सचिवालयमा रहनेछन्।

(६) प्रदेश लेखा नियन्त्रक कार्यालयमा ऋण लगानी इकाई रहनेछ। उक्त इकाईले ऋण लगानी सचिवालयसँग समन्वय गरी ऋण रकम खर्च लेखी निकासा दिने लगायत मन्त्रालयको निर्देशन अनुसार ऋण व्यवस्थापन सम्वन्धी कार्यहरू गर्नेछ।

(७) उपदफा (१) बमोजिमको कार्यान्वयन तथा अनुगमन समितिलाई सहयोग पुऱ्याउन जिल्ला स्तरमा कार्यक्रमको विस्तार र कार्यान्वयनको अनुगमन गर्न र उत्पादित वस्तुको बजारीकीकरणको प्रबन्ध गर्नका लागि प्रत्येक जिल्लामा देहाय बमोजिमको जिल्ला अनुगमन समिति रहनेछः-

(क) प्रमुख, सम्बन्धित जिल्ला समन्वय समिति -संयोजक

(ख) कार्यालय प्रमुख, सम्बन्धित कृषि ज्ञान केन्द्र -सदस्य

(ग) कार्यालय प्रमुख, सम्बन्धित घरेलु तथा साना उद्योग कार्यालय -सदस्य

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(घ) अधिकृतस्तर प्रतिनिधि, सम्बन्धित जिल्ला प्रशासन कार्यालय -सदस्य

(ङ) प्रतिनिधि, सम्बन्धित जिल्ला/नगर उद्योग वाणिज्य संघ -सदस्य

(च) प्रतिनिधि, सम्झौता भएको बैंक तथा वित्तीय संस्था -सदस्य

(छ) सम्बन्धित जिल्ला समन्वय अधिकारी -सदस्य-सचिव

७. **समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-

(क) ऋण लगानीको लागि विनियोजित बजेटको प्रभावकारी परिचालन सम्बन्धमा अनुगमन गर्ने,

(ख) कार्यक्रमको लागि विनियोजित बजेटको बाँडफाँट तथा प्रभावकारिता हेरी आवश्यक बजेटको व्यवस्थापन गर्ने,

(ग) कार्यक्रम कार्यान्वयनको प्रभावकारी अनुगमन गरी आवश्यकता अनुसार सुधारका लागि बैंक तथा वित्तीय संस्थालाई निर्देशन दिने।

## परिच्छेद-३

## कार्यक्रम सञ्चालन र ऋण परिचालन सम्बन्धी व्यवस्था

८. **ऋण लगानी प्रवाहका प्रक्रिया र क्षेत्रहरूः** (१) मन्त्रालयले सहुलियतपूर्ण ऋण लगानी कार्यक्रममा विनियोजित बजेट कार्यान्वयनको लागि बैंक तथा वित्तीय संस्थासँग सम्झौता गर्नेछ।

(२) प्रदेश सरकारले बैंक तथा वित्तीय संस्थालाई शून्य प्रतिशत ब्याजदरमा सहुलियतपूर्ण ऋण लगानीका लागि रकम उपलब्ध गराउनेछ।

(३) दफा ३ बमोजिमको उद्देश्य प्राप्तिका लागि बैंकको ऋण लगानी र प्रति ऋणीको लागि ऋणको अधिकतम सीमाका क्षेत्रहरू देहाय बमोजिम हुनेछन्:-

(क) कृषि व्यवसाय सम्बन्धी उत्पादन, प्रशोधन, भण्डारण र बजारीकरण सम्बन्धी रू. दश लाखसम्मको ऋण लगानी,

(ख) उद्योग व्यवसाय तर्फ रू. दश लाखसम्मको ऋण लगानी,

(ग) पर्यटन प्रवर्द्धन तर्फ रू. दश लाखसम्मको ऋण लगानी,

(घ) व्यापार व्यवसाय तर्फ रू. दश लाखसम्मको ऋण लगानी,

(ङ) वन तथा वातावरण जन्य उद्योग तर्फ रू. दश लाखसम्मको ऋण लगानी,

(च) महिला उद्यमशीलता तर्फ रू. दश लाखसम्मको ऋण लगानी,

(छ) दलित समुदाय व्यवसाय विकास तर्फ रू. दश लाखसम्मको ऋण लगानी,

(ज) फोहरमैला व्यवस्थापन तर्फ रू. दश लाखसम्मको ऋण लगानी।

(४) दफा ३ बमोजिमको उद्देश्य प्राप्तिका लागि वित्तीय संस्थाको ऋण लगानी र प्रति ऋणीको लागि ऋणको अधिकतम सीमा पाँच लाखसम्म हुनेछ।

(५) उपदफा (३) र (४) बमोजिमको क्षेत्रहरूसँग सम्बन्धित विषयमा बैंक तथा वित्तीय संस्थाले उद्यमशीलता तालिम र क्षमता विकासका कार्यक्रम आफ्नै स्रोतमा सञ्चालन गर्नु पर्नेछ।

९. <u>**सहुलियतपूर्ण ऋण परिचालनः**</u> (१) प्रदेश सरकारले सहुलियतपूर्ण ऋण लगानीका लागि विनियोजन गरेको रकम मन्त्रालयले निर्धारण गरेको किस्ताको रुपमा अनुसूची- ८ अनुसारको निवेदन सहित बैंक तथा वित्तीय संस्थाको ऋण लगानी योजना प्राप्त गरी रकम उपलव्ध गराउनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(२) उपदफा (१) बमोजिम रकम उपलब्ध गराउँदा कुल विनियोजित रकमको साठी प्रतिशतमा नबढ्ने गरी बैंक मार्फत र चालीस प्रतिशतमा नबढ्ने गरी वित्तीय संस्था मार्फत मन्त्रालयले निर्धारण गरे अनुसार लगानीका लागि किस्ता तय हुनेछ। यसरी रकम उपलब्ध गराउँदा मन्त्रालयले प्रचलित कानून बमोजिम अनुसूची- ९ बमोजिमको ऋण तमसुक गराउनु पर्नेछ।

(३) बैंक तथा वित्तीय संस्थाले स्थानीय तहमा आफ्नो शाखा वा इकाई रहेको भए आफ्नै शाखा वा इकाईबाट र आफ्नो शाखा वा इकाई नभए त्यहाँ कार्यरत अन्य लघु वित्त वित्तीय संस्था वा सहकारी संस्था मार्फत थोक ऋण लगानी गर्नु पर्नेछ।

## परिच्छेद-४
## ऋणको ब्याज तथा सुरक्षण व्यवस्था

१०. **विवरण पेश गर्ने**: बैंक र वित्तीय संस्थाले प्रवाह गरेको ऋणको विवरण मन्त्रालयमा मासिक रुपमा अनुसूची- १० बमोजिमको ढाँचामा बुझाउनु पर्नेछ।

११. **ऋण भुक्तानी अवधि, सेवा शुल्क सम्बन्धी व्यवस्था**: (१) बैंक तथा वित्तीय संस्थाले ऋणीबाट सञ्चालन खर्च बापत वार्षिक तीन प्रतिशत भन्दा वढी ब्याजदर कायम गर्न नपाउने व्यवस्था गर्नु पर्नेछ।

(२) बैंक तथा वित्तीय संस्थाले उपदफा (१) बमोजिम बाहेक अन्य थप रकम लिन पाउने छैन।

(३) यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भए तापनि ऋणीले समयमा ब्याज तथा किस्ता भुक्तानी नगरेमा नेपाल राष्ट्र बैंकले तोकिदिएको मापदण्डमा रहेर हर्जाना लिन बाधा पुग्ने छैन।

(४) ऋणको अवधि बढीमा पाँच वर्षको हुनेछ। ऋणीसँग ऋणको किस्ता असुली तथा भुक्तानी अवधिको निर्धारण उद्योग व्यवसायको प्रकृति तथा ऋणको आकार अनुसार नेपाल राष्ट्र बैंकको निर्देशिका अनुसार बैंक तथा वित्तीय संस्थाले तोक्न सक्नेछ।

१२. **<u>सुरक्षण तथा असुली सम्बन्धी व्यवस्था</u>**: (१) ऋण प्रवाह गर्दा धितो भएकाको हकमा धितो जमानी र धितो नभएकाको हकमा समूह जमानीमा ऋण प्रवाह हुने परियोजना नै सुरक्षण रहने व्यवस्था हुनेछ।

(२) धितो नभएकाको हकमा ऋण प्रवाह हुने परियोजना नै सुरक्षण रहने गरी ऋण प्रदान गर्ने रकम प्रति ऋणी वा परियोजना बापत रु. पाँच लाख भन्दा बढी नहुने गरी वित्तीय संस्थाबाट सञ्चालन हुनेछ।

१३. **<u>बीमा सम्बन्धी व्यवस्था</u>**: यस कार्यविधि अनुसारको ऋण लगानी गर्दा बैंक तथा वित्तीय संस्थाले बीमा कार्यक्रममा सहभागिता भएको आधारमा लगानी सुरक्षित गर्नु पर्नेछ।

तर बीमा कार्यक्रममा सहभागिता हुन नसक्ने आर्थिक रुपले विपन्न वर्ग तथा समुदायको हकमा मन्त्रालयले यसै कार्यक्रमबाट बीमा गरिदिने व्यवस्था मिलाउनु पर्नेछ।

१४. **<u>लगानी व्यवस्थाको सुनिश्चितता</u>**: (१) बैंक तथा वित्तीय संस्थाले ऋण लगानी बापत प्राप्त गरेको कुल रकमको साठी प्रतिशतले हुने रकम कृषि उत्पादन एवं व्यवसायको क्षेत्रमा लगानी हुने व्यवस्था गर्नु पर्नेछ।

(२) उपदफा (१) वमोजिम लगानी गरिने रकमलाई शत् प्रतिशत मानी सो मध्ये कम्तीमा असी प्रतिशतले हुने रकम कृषि उत्पादनको क्षेत्रमा र बाँकी बीस प्रतिशतले हुने रकम कृषि व्यवसायको क्षेत्रमा लगानी हुने व्यवस्था गर्नु पर्नेछ।

**<u>स्पष्टीकरण</u>**: यस दफाको प्रयोजनको लागि "कृषि उत्पादनको क्षेत्र" भन्नाले खाद्यान्न तथा तरकारी जस्ता बालीको खेती, पशुपालन, मत्स्यपालन लगायतका अन्य जीवजन्तुको पालनलाई जनाउनेछ र "कृषि व्यवसायको क्षेत्र" भन्नाले उत्पादित कृषि बाली एवं पशुपन्छीजन्य उपजको भण्डारण, प्रशोधन, विक्री वितरण आदिलाई जनाउनेछ।

## परिच्छेद-५

## ऋण व्यवस्थापन तथा ऋण लगानी गर्ने प्रक्रिया

१५. **ऋण लगानी रकमको व्यवस्थापन**: मन्त्रालयले बैंक तथा वित्तीय संस्थामा लगानी गरेको रकम, सम्बन्धित बैंक तथा वित्तीय संस्थाले ऋण असुलीबाट प्राप्त रकम र मन्त्रालयबाट प्राप्त रकम मध्ये लगानी नभई बचत भएको रकम प्रत्येक वर्षको असार मसान्तमा प्रदेश संञ्चित कोषमा फिर्ता गर्नु पर्नेछ।

१६. **ऋण लगानी गर्दा ध्यान दिनु पर्ने विषयहरूः** यस कार्यविधि अनुसार ऋण प्राप्त गर्न देहाय बमोजिमको मापदण्ड अपनाउनु पर्नेछः-

(क) जुन उद्देश्यको लागि ऋण प्रवाह भएको हो सोही उद्देश्यको लागि मात्र ऋण उपयोग गर्ने सुनिश्चितता हुनु पर्ने,

(ख) कार्यक्रमको शुरुवाती अवस्थाको वित्तीय क्षमतामा हुने वार्षिक बढोत्तरीको आँकलन गर्नु पर्ने,

(ग) पूर्वाधार (बाटो, पानी, बिजुली) मा पहुँच र व्यवसायको सम्भाव्यता अध्ययन गरी प्राथमिकीकरण गर्ने,

(घ) आवेदकले अन्य कुनै व्यवसाय सञ्चालन गरिरहेको भए सो व्यवसायको सञ्चालन आयको अवस्था हेर्नु पर्ने,

(ङ) आवेदकले परियोजना सञ्चालन गर्न आवश्यक पर्ने प्रचलित ऐन, नियम, कार्यविधि तथा निर्देशन पालना गर्ने प्रतिवद्धता व्यक्त गरेको हुनु पर्ने,

(च) उद्योगसँग सम्बन्धित कर्जाको प्रवाह गर्दा सम्बन्धित घरेलु तथा साना उद्योग कार्यालयको अनुसूची- ११ बमोजिमको ढाँचामा सिफारिस हुनु पर्ने,

(छ) आवेदकले बैंक मार्फत कृषि, पशुपन्छी र मत्स्य क्षेत्रमा लिने ऋणको हकमा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र वा कृषि ज्ञान केन्द्रबाट र वित्तीय संस्था मार्फत लिने ऋणको हकमा स्थानीय तहको कृषि शाखावाट अनुसूची- ११ बमोजिमको ढाँचामा सिफारिस प्राप्त गरी पेश गर्नुपर्ने छ।

कृषि, पशुपन्छी र मत्स्य विकासको हकमा आफ्नै स्वामित्वमा जग्गा भएका वा सो नभएमा कम्तीमा दश वर्षको लागि जग्गा लिजमा लिएको हुनु पर्नेछ। आफ्नै जग्गा भएकालाई प्राथमिकता दिनु पर्नेछ,

(ज) आवेदक व्यक्ति, फर्म, कम्पनी, समूह र संस्था कालो सूचीमा नपरेको हुनु पर्ने,

(झ) यस कार्यविधि अनुसारको सहुलियतपूर्ण ब्याजदरमा ऋण उपभोग गर्न नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट कुनै पनि अनुदान नपाएको परियोजना हुनु पर्नेछ।

**१७.** **<u>आवेदकहरूले ऋण माग गर्ने प्रक्रियाः</u>** (१) यस कार्यविधि बमोजिम प्रदेशभित्र सञ्चालन हुने कृषि, पशुपंन्छी, मत्स्यपालन, उद्योग, व्यापार-व्यवसाय, पर्यटन प्रवर्द्धन, लघु तथा साना उद्योग, वन तथा वातावरणजन्य उद्योग, फोहरमैला व्यवस्थापन, सामूहिक व्यवसाय र महिला तथा दलित समुदाय विकाससँग सम्बन्धित व्यक्ति, फर्म, कम्पनी, समूह र संस्थाले उत्पादन तथा रोजगारी सिर्जनाका लागि अनुसूची- १२ बमोजिमको ढाँचामा बैंक तथा वित्तीय संस्थामा ऋण माग गर्न निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमका आवेदकहरू मध्ये रू. पाँच लाखसम्मको ऋण माग गर्ने आवेदकहरूले निवेदन साथ निम्न कागजात तथा प्रमाण पेश गर्नु पर्नेछः-

(क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,

(ख) जग्गा सुरक्षण धितो राख्न सक्नेको हकमा जग्गा धनीको पुर्जा र चालु आर्थिक वर्षसम्म तिरो तिरेको रसिदको प्रतिलिपि र जग्गाको चार किल्ला सहित प्रमाणित नक्सा,

(ग) भूमि विहिनको हकमा परियोजना धितो रहने मञ्जुरी,

(घ) प्रचलित कानून बमोजिमका निकायमा व्यवसाय दर्ता भएको वा सम्बन्धित स्थानीय तह वा स्थानीय तह

अन्तर्गतका वडामा व्यवसाय दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि,

(ङ) आर्थिक रुपमा विपन्न, सीमान्तकृत वा दलित समुदायको हकमा सम्बन्धित वडाको सिफारिसपत्र।

(३) बैंक तथा वित्तीय संस्थाले उपदफा (१) बमोजिमको निवेदन सहित उल्लिखित कागजात संलग्न भई आएमा साना व्यवसायको रुपमा लिई जतिसक्दो छिटो काम सम्पादन गर्नु पर्नेछ।

(४) पाँच लाख रूपैयाँ भन्दाबढी ऋण लिनेका हकमा यस दफामा उल्लिखित कागजातको अतिरिक्त बैंक तथा वित्तीय संस्थाको नियमानुसारका कागजात पेश गर्नु पर्नेछ।

(५) ऋणीलाई रकम उपलब्ध गराउँदा बैंक तथा वित्तीय संस्थासँग आवद्ध सहकारी संस्थामा खाता खोल्न लगाई सोमा जम्मा गर्नु पर्नेछ।

(६) स्थानीय तह, प्रदेश सरकार वा नेपाल सरकारको अन्य कुनै सहुलियतपूर्ण ऋण वा सुविधा लिएका व्यक्ति वा संस्थाले एकै पटक दोहोरो सुविधा पाउने गरी ऋण लिन पाइने छैन।

(७) बैंक तथा वित्तीय संस्थाले आवेदकलाई ऋण स्वीकृत गरेमा धितो जमानी राखेको घरजग्गा रोक्का राख्न सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ।

तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## परिच्छेद- ६

## अन्य व्यवस्था

**१८. <u>आवधिक प्रतिवेदनः</u>** (१) बैंक तथा वित्तीय संस्थाले अनुसूची- १३ बमोजिम त्रैमासिक र वार्षिक रुपमा आफूले गरेका ऋण लगानीको नियमित आवधिक प्रतिवेदन मन्त्रालयमा रहेको समितिको सचिवालयमा र सो अवधि समाप्त भएको पन्ध्र दिनभित्र नेपाल राष्ट्र बैंकमा पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम बैंक तथा वित्तीय संस्थाबाट प्राप्त वार्षिक विवरण तथा प्रतिवेदनको एकीकृत विवरण प्रतिवेदन तयार गरी समितिले मन्त्रालयमा पेश गर्नेछ।

**१९. <u>कार्यक्रमको प्रभावकारीता</u>:** कर्जा लगानी कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन संघीय तथा स्थानीय तहबाट कार्यान्वयन हुने आयोजनासँग समन्वय गरी दोहोरोपना नहुने गरी एकीकृत रुपमा कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

**२०. <u>कारबाही सम्बन्धी व्यवस्था</u>:** (१) यस कार्यविधि अनुसारको ऋण लिई समयमै साँवा ब्याज भुक्तानी नगर्ने ऋणीलाई बैंक तथा वित्तीय संस्थाले आफ्नो कर्जा लगानी असुली कार्यविधि, नेपाल राष्ट्र बैंकको निर्देशिका तथा प्रचलित ऐन कानून तथा कार्यविधिको आधारमा कारबाही गर्न सक्नेछ।

(२) बैंक तथा वित्तीय संस्थाले तोकिएको समयमा विवरण पेश नगरेमा वा यस कार्यविधि विपरीत लगानी गरेमा वा ऋण लगानीको क्रममा अयोग्य संस्था वा व्यक्तिलाई ऋण लगानी गरेमा त्यस्तो बैंक तथा वित्तीय संस्थालाई प्रचलित कानून अनुसारको कारबाहीको लागि मन्त्रालयले सम्बन्धित निकायमा लेखी पठाउनेछ।

(३) बैंक तथा वित्तीय संस्थाले भुक्तानी अवधिमा रकम नतिरेमा लाग्ने हर्जाना तथा असुली गर्ने प्रक्रिया सरकारी बाँकी सरह हुनेछ।

**२१. <u>सम्झौता सम्बन्धी व्यवस्था</u>:** यस कार्यविधि अनुसार बैंक तथा वित्तीय संस्थाले मन्त्रालयसँग गरेको सम्झौता बमोजिम कार्यक्रम कार्यान्वयन गर्नेछ।

**२२. <u>यसै कार्यविधि बमोजिम हुने</u>:** यस कार्यविधिमा उल्लेख गरेका प्रक्रियाको सम्बन्धमा यसै कार्यविधि बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिमको प्रक्रिया अवलम्बन गर्नुपर्नेछ।

**२३. <u>खारेजी र बचाउ</u>:** (१) उत्पादन तथा रोजगारी सिर्जनाका लागि सहुलियतपूर्ण ऋण लगानी कार्यविधि, २०७८ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिमको कार्यविधिबाट भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

## अनुसूची- १

(दफा ४ को खण्ड (क) सँग सम्बन्धित)

**कृषि उत्पादन एवं व्यवसायका क्षेत्र**

१. खाद्यान्न, नगदेबाली, तरकारी उत्पादन, प्रशोधन भण्डारण,
२. बिउ बिजन उत्पादन, प्रशोधन तथा भण्डारण,
३. सामूहिक तथा व्यावसायिक खेती,
४. मौरी पालन व्यवसाय, पुष्प व्यवसाय,
५. व्यावसायिक रेशम किरा पालन,
६. पशुपंक्षी पालन, अष्ट्रिच तथा व्यावसायिक रूपमा पालिने बट्टाइ, कालिज, बँदेल समेत,
७. फलफूल उत्पादन, उत्पादित फलफूलको प्रशोधन तथा भण्डारण,
८. दुग्ध उत्पादन, डेरी तथा प्रशोधन र बिक्री वितरण,
९. व्यावसायिक रुपमा गरिएको मत्स्यपालन, उत्पादित माछ्राको भण्डारण तथा बिक्री वितरण,
१०. च्याउ उत्पादन, प्रशोधन तथा भण्डारण,
११. पशुबधशाला एवं मासुजन्य उत्पादन व्यवसाय,
१२. जडीबुटी उत्पादन, प्रशोधन र भण्डारण,
१३. उखु, कफी, चिया, अलैंची, अदुवा, बेसार, जैतुन, सूर्यमुखी, कपास, सनपाट, सजिवन, स्वीटसरघम, केशर, तेलहन, मसलाबाली, दलहन, अल्लो, लोक्ता खेती आदि तथा यिनीहरूको भण्डारण, प्रशोधन र बिक्री वितरण,
१४. जौ, फापर, सिलाम, अकबरे खुर्सानी, सिस्नु तथा अचारको उत्पादन, प्रशोधन र बिक्री वितरण,
१५. कपास, ऊन, रेसम खेती/उत्पादन, प्रशोधन र बिक्री वितरण,
१६. प्राङ्गारिक तथा जैविक मल,
१७. भेडा, च्याङ्ग्रा र चौरी लगायतबाट ऊनको उत्पादन, प्रशोधन र बिक्री वितरण,
१८. कृषि औजार जस्तै थ्रेसर, भिंडर, आधुनिक हलो, ट्याक्टर, ट्रेलर आदि,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

१९. स्थानीय स्तरमा तयार हुने गुन्द्री, नाङ्लो, डोरी, डोको, थुन्से, फुङ्लो, दाम्लो, घुम, चित्रा, भकारी, बाँस, बेदबाँस, निगालो, दुना टपरी जस्ता सामानहरूको व्यावसायिक उत्पादन गर्न र बिक्री वितरण,

२०. प्रदेश सरकारले समय-समयमा थप गरेका अन्य कृषि व्यवसायहरू।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## अनुसूची- २

(दफा ४ को खण्ड (ख) सँग सम्बन्धित)

**<u>उद्योग व्यवसायका क्षेत्र</u>**

१. ह्याण्ड लूम, पेडल लूम, सेमी-अटोमेटिक लूम, कपडा वार्पिङ्ग, परम्परागत प्रविधिबाट गरिने रङ्गाई, छपाई, सिलाई र बुनाई,

२. ऊन र रेशममा आधारित हाते बुनाईका राडी, पाखी, गलैंचा, पश्मिना, पोशाक, हाते कागज र सोमा आधारित वस्तु,

३. परम्परागत पेशामा आधारित वस्तु तथा सेवा,

४. परम्परागत कलामा आधारित वस्तु,

५. तामा, पित्तल, ढलौट, कास र जर्मन सिल्भर जस्ता धातुबाट हस्त निर्मित भाँडावर्तन तथा हस्तकलाका सामान,

६. फलामबाट बनेका हस्त निर्मित भाँडा वर्तन तथा घरायसी प्रयोगका चक्कु, चुलेसी, कर्द, चुप्पी, स्याङ्गी, बन्चरो, खुकुरी, हँसिया, कुटो, कोदालो जस्ता परम्परागत औजारहरू,

७. सुन चाँदीबाट हस्त निर्मित गरगहना, वस्तु, भाँडा-वर्तनहरू, बहुमूल्य,अर्ध किमति (बहुमूल्य तथा पत्थर जडान भएका समेत),

८. प्रदेशमा उपलब्ध किमति, अर्ध किमति तथा साधारण पत्थर कटाई उद्योग, ग्रामीण ट्यानिङ्ग र छालाबाट निर्मित वस्तुहरू,

९. जुट, सवाइ घाँस, पराल, छवाली, चोया, बाबियो, सुती धागो, अल्लो आदि प्राकृतिक रेशामा आधारित उद्योग,

१०. पत्थरकला (ढुंगा कुदी बनाइएका सामानहरू),

११. पौभा, थाङ्का चित्र र अन्य परम्परागत चित्रकला,

१२. मुकुण्डो (मास्क) तथा परम्परागत संस्कृति दर्शाउने पुतली र खेलौना,

१३. परम्परागत संस्कृति, बाजागाजा र कला दर्शाउने विभिन्न प्रकारका हस्तकलाका वस्तु,

१४. काठ, हाड, सिङ तथा माटो, चट्टान र खनिजका कलात्मक वस्तुहरू सेरामिक्स तथा माटाका भाँडाकुँडा,

१५. हातले छाप्ने ईट्टा उद्योग,

१६. अपाङ्गता (फरक क्षमता) भएका व्यक्तिहरूले प्रयोग गर्ने साधन तथा उपकरण मर्मत उद्योग,

१७. धान, मकै, गहुँ, तोरी जस्ता कुटानी पिसानी गर्ने कोल, पानीघट्ट तथा मिल,

१८. प्रदेश सरकारले समय-समयमा थप गरेका अन्य उद्योग व्यवसायहरू।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## अनुसूची- ३

(दफा ४ को खण्ड (ग) सँग सम्बन्धित)

**पर्यटन प्रवर्द्धन क्षेत्र**

१. पर्यटक आवास, मोटेल, होटेल, रिसोर्ट तथा रेष्टुराँ,

२. हिलिङ्ग सेन्टर, मसाज स्पा, साउना, ज्याकुजी,

३. ट्राभल एण्ड टुर्स,

४. साहसिक पर्यटनः स्किइङ्ग, ग्लाइडिङ्ग, वाटर र्‍याफ्टिङ्ग, हट एयर ब्यालुनिङ्ग, क्यानोनिङ, प्यारा सेलिङ्ग हात्तीसवार, घोडचढी, बन्जी जम्पिङ्ग, गल्फ कोर्स, पोलो, ट्रेकिङ्ग, पदयात्रा, जिपफ्लाएर, साइक्लिइङ्ग, अफरोड ड्राइभिङ्ग, जीप सफारी,

५. ग्रामिण पर्यटन, होमस्टे तथा पर्यावरणीय पर्यटन (पर्या पर्यटन),

६. ट्राभल तथा ट्रेकिङ्ग, पर्यटकीय गाइड,

७. डुंगा व्यवसाय, मोटरबोट, बोटिङ्ग, जल पर्यटन, क्रुज,

८. प्रदेश सरकारले समय-समयमा तोकेका अन्य पर्यटन उद्योगहरू।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## अनुसूची- ४

(दफा ४ को खण्ड (घ) सँग सम्बन्धित)

**व्यापार व्यवसायका क्षेत्र**

१. फोटोकपी, कम्प्यूटर सञ्चालन,
२. मर्मतशाला (टेम्पो, बस, मिनीबस, माईक्रोबस, ट्रक, मिनीट्रक, डेलिभरी भ्यान, कार, जीप, रिक्सा, रेडियो, फोटोकपी, कम्प्युटर, टि.भी., टेलिफोन, मोबाईल, लुगा सिलाउने मेसिन, ईलेक्ट्रोनिक सामान ,घडी आदि),
३. सिलाई, बुनाई, केश श्रृङ्गार,
४. सिकर्मी, डकर्मीको सेवा,
५. दैनिक उपभोगका सामान खरिद बिक्री,
६. पुस्तक, स्टेशनरी एवं अन्य शैक्षिक सामग्रीको खरिद बिक्री,
७. चिया तथा चमेना पसल,
८. पूजा सामग्री पसल,
९. स्वास्थ्य परीक्षण, ल्याव, फार्मेसी, हेल्थ क्लव सञ्चालन गर्न स्वीकृत इजाजत पत्र लिएको हुनु पर्ने,
१०. पशु स्वास्थ्य परीक्षण तथा पशु औषधि पसल,
११. प्रदेश सरकारले समय-समयमा थप गरेका अन्य व्यापार व्यवसायका क्षेत्र।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## अनुसूची- ५

(दफा ४ को खण्ड (ङ) सँग सम्बन्धित)

**वन तथा वातावरण क्षेत्र**

१. नर्सरी स्थापना र विकास,

२. वन विकासका लागि प्रयोग हुने मलखाद,

३. कृषि वन प्रणालीको विकास र विस्तार,

४. सौर्य ऊर्जा उत्पादन तथा वितरण,

५. वन पैदावारमा आधारित वातावरण मैत्री झोला उत्पादन तथा वितरण,

६. प्रदेश सरकारले समय-समयमा थप गरेका अन्य वन तथा वातावरण क्षेत्र।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## अनसूची- ६

(दफा ४ को खण्ड (च) सँग सम्बन्धित)

**<u>महिला तथा दलित समुदाय विकासको लागि ऋणको क्षेत्र</u>**

१. परम्परागत बजाउने बाजा निर्माण तथा खरिद गर्न,

२. सिलाई कटाई, सिलाई कटाई तालिम सञ्चालन, सिलाई मेशिन खरिद गर्न,

३. परम्परागत आय आर्जनका पेशाहरू, ब्युटीपार्लर, दुना टपरी उत्पादन बिक्री वितरण, अचार बनाउने व्यवसाय, घरबुना सम्वन्धी व्यवसाय,

४. फलाम, कोइला आदि वस्तु खरिद बिक्री गर्न, आरन बनाउन चाहिने सामग्री खरिद तथा निर्माण गर्न, आरनको लागि यन्त्रशाला निर्माण गर्न,

५. जुत्ता बनाउनको लागि चाहिने कच्चा पदार्थ, प्रशोधित छाला, जुत्ता, चप्पल, ब्याग आदि बनाउन कच्चा पदार्थ खरिद एवं प्रशोधन र उत्पादित वस्तुहरू बिक्री गर्न,

६. परम्परागत सुन चाँदीका गहना एवं भाँडाकुँडा बनाउने पसल तथा सोसँग सम्बन्धित कालीगढी सेवा,

७. सरसफाइ पेशाको लागि चाहिने सामानहरू खरिद गर्न,

८. आफ्नो पुख्यौंली पेशालाई निरन्तरता दिनको लागि चाहिने कच्चा पदार्थ खरिद गर्न, वस्तु तथा सेवा बिक्री गर्न, व्यवसायको लागि सामूहिक यन्त्रशाला निर्माण गर्न,

९. प्रदेश सरकारले समय-समयमा तोकेका अन्य पेशाहरू।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

## अनुसूची- ७

(दफा ४ को खण्ड (छ) सँग सम्बन्धित)

**<u>फोहरमैला व्यवस्थापनका क्षेत्र</u>**

१. फोहरमैला संकलन तथा व्यवस्थापन सेवा,

२. सरसफाइ सेवा,

३. फोहरमैला पुनः प्रशोधन,

४. कवाडी सामान संकलन तथा प्रशोधन,

५. लौन्ड्री व्यवसाय,

६. प्रदेश सरकारले समय-समयमा थप गरेका अन्य फोहोरमैला व्यवस्थापनको क्षेत्र।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## अनुसूची- ८

(दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

**बैंक/वित्तीय संस्थाले मन्त्रालयबाट ऋण लगानीको लागि किस्ता निकासा माग गर्ने निवेदनको ढाँचा**

मितिः २०७.... / .... / ....

श्री आर्थिक मामिला तथा योजना मन्त्रालय,
बागमती प्रदेश, हेटौंडा, मकवानपुर।

विषयः- "उत्पादन तथा रोजगारी सिर्जनाका लागि सहुलियतपूर्ण ब्याजदरमा ऋण लगानी कार्यविधि, २०७९" बमोजिम प्रवाह गरिने ऋणको आ.व. ............. को .................किस्ता बापत ऋण लगानी खातामा रकम निकासा बारे।

महाशय,

यस बैंक/वित्तीय संस्थाले "उत्पादन तथा रोजगारी सिर्जनाका लागि सहुलियतपूर्ण ब्याजदरमा ऋण लगानी कार्यविधि, २०७९" अनुरुप प्रवाह गर्ने ऋण लगानीका लागि ....... सालको ....... किस्ता बापतको रु. ............... (अक्षरेपी....................................) यस बैंक/वित्तीय संस्थाको खाता नं. ............................................ मा जम्मा हुने गरी उपलब्ध गराई दिनु हुन अनुरोध गर्दछौं।

दस्तखतः
नाम थरः
पदः
बैंक/वित्तीय संस्थाको नाम र ठेगानाः
छापः

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

# अनुसूची- ९

(दफा ९ को उपदफा (२) सँग सम्बन्धित)

## <u>सहुलियतपूर्ण ब्याजदरमा ऋण लगानी गर्ने ऋण तमसुकको न्यूनतम् ढाँचा</u>

लिखितम धनीका नाम बागमती प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय, हेटौडा, मकवानपुर, ऋणी <u>ऋणीको नाम र ठेगाना</u> हकमा लिखत गर्ने उक्त बैंक/वित्तीय संस्थाको <u>प्रमुखको</u> <u>नाम थर</u> ..................... <u>कार्यक्रमको नाम</u> (ब. उ. शी. नं. ...... तथा ख. शी. नं. .........) का लागि चालु आर्थिक वर्ष ......... को ....... किस्ता बापत (प्रदेश सरकारको श्रोततर्फ) को रकम रु. ..................।- (अक्षेरुपी ................ मात्र)) ऋण लगानी स्वरुप उपलब्ध गराउने तथा निम्न शर्तनामाहरू पालना गर्ने गरी ऋण-तमसुक गर्ने प्रदेश सरकार (मन्त्रीस्तर) को मिति २०७..।..।.. को निर्णय भए अनुरुप फड्केमा लेखिएका साक्षीका रोहवरमा लिखत गरी बागमती प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयलाई दिएँ।

<u>शर्तहरू</u>ः

१. ब्याजदर संरचनाः

......लगानी गर्ने बैंक तथा वित्तीय संस्थाको नाम ........ले सञ्चालन खर्च बापतको ब्याजदर वढीमा ........ (अक्षरमा) प्रतिशत लिई व्यक्ति, फर्म, कम्पनी, संस्थालाई ऋण लगानी गर्नेछ।

२. ऋणीले धनीको सावाँ तोकिएको समयमा चुक्ता नगरेमा धनीले प्रचलित कानून बमोजिम ऋणीको चल अचल जायजेथा रोक्का गरी ऋण असुल उपर गर्नेछ।

३. यस लिखतमा उल्लिखित कुनै पनि कुराले प्रचलित नेपाल कानून अनुसार धनीलाई उपलब्ध हुने हक वा अधिकारलाई असर पार्ने छैन।

४. धितोको रूपमा मन्त्रालयलाई दिइएको तमसुकमा उल्लिखित ऋणको जोखिम लगायत सबै जिम्मेवारी ऋणी कै हुनेछ।

५. धितो सुरक्षणमा लिइएको सुरक्षणमा पहिलो दाबी (First Charge) बागमती प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयको हुनेछ।

६. वढीमा पाँच वर्ष अवधिका लागि मात्र यो सहुलियतपूर्ण ऋण लगानी सुविधा प्रदान गरिएको छ।

साक्षी

१. ............................

२. ............................

३. ............................

७. बैंक तथा वितीय संस्थाले मन्त्रालयलाई तमसुक भएको मितिले छ वर्ष भित्र सहुलियतपूर्ण ऋण लगानी रकम फिर्ता गर्नु पर्नेछ।
८. जुनसुकै रुपमा गठन भएको भए तापनि ऋणीको उत्तराधिकारीलाई समेत यो लिखत लागु हुनेछ।
९. ऋणीले धनीलाई आवधिक प्रगति विवरण र माग गरे अनुसार सबै कागजातहरू उपलव्ध गराउनु पर्नेछ।
१०. ऋणीले सर्वमान्य सिद्धान्त अनुसार लेखा राख्नु पर्नेछ।
११. ऋणीलाई गम्भीर रुपले असर पर्ने कुनै पनि स्थितिको सिर्जना हुन आएमा ऋणीले धनीलाई तुरुन्त त्यस्तो स्थितिको विस्तृत विवरण सहितको सूचना दिनुपर्नेछ।
१२. ऋण प्रयोग सम्बन्धमा यसै साथ संलग्न नीतिगत शर्त तथा मापदण्डहरू पालना गर्ने प्रतिबद्धता व्यक्त गरेको छु। सो बमोजिम नगरेमा प्रचलित नेपाल राष्ट्र बैंक ऐन, २०५८ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुसार सजाय भएमा मञ्जुर छु।

दायाँ बायाँ

इति संवत् ...... साल ........ महिना .... गते रोज .... शुभम्......................।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## अनुसूची- १०

(दफा १० सँग सम्बन्धित)

**<u>बैंक/वित्तीय संस्थाले मन्त्रालयमा पेश गर्ने ऋण प्रवाहको मासिक विवरणको ढाँचा</u>**

(यस्तो निवेदन ७ प्रकारका ऋणहरूको लागि अलग अलग पेश गर्नु पर्ने)

मितिः २०७. / .. / ..

**श्री आर्थिक मामिला तथा योजना मन्त्रालय,**
**बागमती प्रदेश, हेटौंडा, मकवानपुर।**

**विषय : <u>सहुलियतपूर्ण ब्याजदरमा ऋण लगानी गरिएको .......... अवधिको ऋणको मासिक विवरण।</u>**

महाशय,

"उत्पादन तथा रोजगारी सिर्जनाका लागि सहुलियतपूर्ण ब्याजदरमा ऋण लगानी कार्यविधि, २०७९" बमोजिम प्रवाह भएको ............... सहुलियतपूर्ण ऋणको मासिक विवरण देहाय बमोजिम रहेको छ।

**क. <u>सहुलियत पूर्ण ऋणको विवरण</u>**

| क्र.सं. | ऋण प्रवाह मिति | ऋणीको नाम र ठेगाना | ऋणको प्रकार वा लगानीको क्षेत्र | ऋण प्रवाह रकम | ऋणको अवधि तथा अन्तिम भुक्तानी मिति | ब्याजको दर र सेवा शुल्कको दर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **जम्मा** | | | | | | | |

## ख. <u>सहुलियत पूर्ण ऋणको किस्ता वापत फिर्ता भएको रकमको विवरण</u>

| **विवरण** | **रकम** | **कैफियत** |
|---|---|---|
| ऋण लगानी मध्ये किस्ता वापत फिर्ता प्राप्त भएको रकम | | |
| किस्ता वापत फिर्ता प्राप्त भएको रकम मध्येवाट लगानी भएको रकम | | |
| किस्ता वापत फिर्ता प्राप्त भएको रकम मध्ये लगानी हुन नसकेको रकम | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

दस्तखतः
नामः
पदः
बैंक/वित्तीय संस्थाको नाम र ठेगानाः
छापः

## अनुसूची- ११

(दफा १६ को खण्ड (च) सँग सम्बन्धित)

**<u>सिफारिस गर्ने निकायले सहुलियतपूर्ण ऋण लगानी प्रयोजनका लागि सिफारिस पत्रको ढाँचा</u>**

मितिः२०७.../.../...

श्री .....................बैंक लि. / वित्तीय संस्था लि.

....................................।

**विषयः <u>सहुलियतपूर्ण ब्याजदरमा ऋण लगानी सिफारिस सम्बन्धमा</u>।**

उपर्युक्त सम्बन्धमा बागमती प्रदेश सरकारबाट स्वीकृत "उत्पादन तथा रोजगारी सिर्जनाका लागि सहुलियतपूर्ण ऋण कार्यविधि, २०७९" बमोजिम सहुलियतपूर्ण ब्याजदरमा ऋण उपयोगको लागि फर्म/व्यवसाय दर्ता नं. .......... मिति ................. मा दर्ता भएको फर्म/व्यवसायको नाम ..................................................ले उक्त कार्यविधिको अनुसूची ......... बमोजिमको कार्य गर्न ऋण माग गरेको हुँदा .......................पालिका, वडा नं........... बसोबास गर्ने श्री ...................................को नाति/बुहारी श्री..............................को छोरा/श्रीमती..............................लाई कृषि विकास बैंक लि. शाखा कार्यालय ................. ....... /साना किसान कृषि सहकारी संस्था लि. .................बाट रू. .................।(अक्षरेपी ...........................मात्र) ऋण उपलब्ध गराउने प्रयोजनका लागि निवेदकले अनुरोध गरे अनुसार यो सिफारिस पत्र प्रदान गरिएको छ। यस कार्यालयबाट उक्त फर्म/व्यवसायले आर्थिक वर्ष २०..../०... मा कुनै किसिमको अनुदान लिएको नदेखिएको व्यहोरा समेत जानकारी गराईन्छ।

सिफारिस गर्नेको

नाम :.....................................

पद :.....................................

मिति :.....................................

आर्थिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## अनुसूची- १२

(दफा १७ को उपदफा (१) र (२) सँग सम्बन्धित)

**<u>आवेदकले ऋण माग गर्ने निवेदनको ढाँचा</u>**

मितिः २०७.... / .... / ....

श्री ..................... बैंक/वित्तीय संस्था,

.......................................।

विषयः **<u>उत्पादन तथा रोजगारी सिर्जनाका लागि सहुलियतपूर्ण ब्याजदरमा ऋण लगानी बारे।</u>**

महाशय,

उपर्युक्त सम्बन्धमा बागमती प्रदेश सरकारले जारी गरेको "उत्पादन तथा रोजगारी सिर्जनाका लागि सहुलियतपूर्ण ब्याजदरमा ऋण लगानी कार्यविधि, २०७९" बमोजिम सहुलियतपूर्ण ब्याजदरमा ऋण उपभोग गर्नका लागि मलाई/मेरो (फर्म, कम्पनी, संस्था) ..............................................लाई ......................................... प्रयोजनका लागि सहुलियतपूर्ण ऋण प्रदान गरिदिन हुन यो निवदेन पेश गरेको छु। साथै त्यस बैंक/वित्तीय संस्थाले तोकेका कागजात तथा प्रमाण समेत यसै निवेदन साथ संलग्न गरी पेश गरेको छु। मैले प्रचलित कानून, नेपाल राष्ट्र बैंकबाट जारी गरिएका नियमन, निर्देशन र परिपत्र तथा धनी बैंकबाट तोकिएका शर्तहरूको अधीनमा रही ऋणको सही सदुपयोग गरी ऋणको साँवा तथा ब्याज समयमै भुक्तानी गर्नेछु। साथै मैले नेपाल सरकार, प्रदेश सरकारका स्थानीय तहबाट यस्तै किसिमको सुविधा यस आर्थिक वर्षमा लिएको छैन लिएको प्रमाणित भए कानून बमोजिम सहुँला बुझाउँला।

आवेदकको नाम थरः

ठेगानाः

सम्पर्क टेलिफोन नं.

**<u>फर्म, कम्पनी, संस्था, उद्योग भए,</u>**

नामः

छापः

ठेगानाः

स्था.ले. नं.



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## अनुसूची- १३

(दफा १८ को उपदफा (१) सँग सम्बन्धित)

**<u>बैंक/वित्तीय संस्थाले पेश गर्ने त्रैमासिक/वार्षिक विवरण तथा प्रतिवेदनको ढाँचा</u>**

.............. बैंक/वित्तीय संस्था लि.

.............साल .................. मसान्तको सहुलियतपूर्ण ऋणको त्रैमासिक/वार्षिक विवरण

| क्र. सं. | लक्षित क्षेत्र/समुह | अघिल्लो त्रैमासिकसम्म | | | यस त्रैमासिकमा | | | यस त्रैमासिकसम्ममा | | | लगानीमा रहिरहेको बाँकी ऋण (ऋण वक्यौता) | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रवाहित ऋण | | प्राप्त ब्याज | प्रवाहित ऋण | | प्राप्त ब्याज | प्रवाहित ऋण | | कुल ब्याज | | | |
| | | संख्या | रकम | रकम | संख्या | रकम | रकम | संख्या | रकम | रकम | संख्या | रकम | |
| १. | अनुसूची- १ को क्षेत्रमा प्रवाह गरेको ऋणको विवरण | | | | | | | | | | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | क. कृषि उत्पादनको क्षेत्रमा प्रवाह गरेको ऋणको विवरण | | | | | | | | | | | | |
| | ख. कृषि व्यवसायको क्षेत्रमा प्रवाह गरेको ऋणको विवरण | | | | | | | | | | | | |
| २. | अनुसूची- २ को क्षेत्रमा प्रवाह गरेको ऋणको विवरण | | | | | | | | | | | | |
| ३. | अनुसूची- ३ को क्षेत्रमा प्रवाह गरेको ऋणको विवरण | | | | | | | | | | | | |
| ४. | अनुसूची- ४ को | | | | | | | | | | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | क्षेत्रमा प्रवाह गरेको ऋणको विवरण | | | | | | | | | | | | |
| ५. | अनुसूची- ५ को क्षेत्रमा प्रवाह गरेको ऋणको विवरण | | | | | | | | | | | | |
| ६. | अनुसूची- ६ को क्षेत्रमा प्रवाह गरेको ऋणको विवरण | | | | | | | | | | | | |
| ७. | अनुसूची- ७ को क्षेत्रमा प्रवाह गरेको ऋणको विवरण | | | | | | | | | | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश